हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक


# लहानपोस्ट

LAHANPOST DAILY

बर्ष : ०१ अंक : ५२ पृष्ठ : ४ २०७७ भदौ २० गते शनिबार (Saturday 5 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost





ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551


# • कोरोना कहर •

## दुई प्रहरी अधिकृत सहित सिरहाका ३४ जना डिस्चार्ज



सिराहामा ३४ जना आइसोलेसनबाट डिस्चार्ज भएका छन् । डिस्चार्ज हुनेमा दुई जना प्रहरी अधिकृत समेत छन् । इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायव उपरिक्षक सन्तु जैसवाल र ईलाका प्रहरी कार्यालय गोलबाजारका प्रहरी निरीक्षक जनक पुरी कोरोना संक्रमणमुक्त भएका हुन् ।

यस्तै ईलाका प्रहरी कार्यालय मिर्चैयाकै चार जना प्रहरी र ६ जना थुनुवा पनि कोरोना मुक्त भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । यस्तै, गोलबजारका प्रहरी निरीक्षक पुरीसँगै अन्य १४ जना समेत आइसोलेसनबाट डिस्चार्ज भएका छन् । महेन्द्र गेनाई कोरोना अस्थायी अस्पतालका इन्चार्ज डा. सुभाष मण्डलका अनुसार प्रहरी निरीक्षक पुरी, १२ जना प्रहरी र दुई जना स्थानीय डिस्चार्ज भएका छन् ।

यसैगरि चन्द्र माध्यमिक विद्यालय सिराहाको आइसोलेसनबाट विभिन्न स्थानीय तहका ९ जना पनि डिस्चार्ज भएका छन् । मिर्चैया नगरपालिकाका तीन, विष्णुपुर गाउँपालिकाका दुई, सिरहा नगरपालिकाका दुई, नरहा गाउँपालिकाका एक र कर्जन्हा नगरपालिकाका एकजना कोरोना संक्रमणमुक्त भएर घर फर्किएको चन्द्र माध्यमिक विद्यालय आइसोलेसन इन्चार्ज डा. सरविन्दर मण्डलले जानकारी दिए । महेन्द्र गेनाई कोरोना अस्पतालमा १६ जना र चन्द्र माध्यमिक विद्यालयको आइसोलेसनमा ३९ जना कोरोना संक्रमित उपचाररत छन् ।

## गोलबजार नगरपालिकाले कोभिड अस्पताल निर्माण थाल्यो



गोलबजार नगरपालिकाले आफ्नै लगानीमा ५० शैयाको कोराना अस्पताल भवन निर्माण थालेको छ ।

गोलबजार नगरपालिका-४ स्थित मैनावती खोलाको पश्चिमतर्फ ट्रमा सेन्टरको जग्गामा नगरप्रमुख देवनाथ साह, उपप्रमुख रेशमकुमारी थापाले शुक्रबार कोरोना अस्पतालको शिलान्यास गरेका छन् ।

कोरोना अस्पतालको शिलान्यास गर्दै नगरप्रमुख देवनाथ साहले कोरोना विशेष अस्पताल र आइसोलेसन सेन्टर अभावमा कोरोना संक्रमितले समस्या भोग्नुपरेको गुनासो गरेपछि नगरपालिकाले आफ्नै लगानीमा अस्पताल निर्माण थालिएको बताए ।

आर्थिक वर्ष ०७७/०७८ को वडाका लागि विनियोजन गरिएको बजेट कटौती गरी त्यही बजेटबाट कोरोना अस्पताल र आइसोलेसन सेन्टर निर्माण थालेको नगरपालिकाले जनाएको छ । बजेट अपुग भए स्रोत खोजी गरि कम्तीमा एक महिनाभित्र अस्पताल र सेन्टर निर्माण गरी सञ्चालन गरिने नगरपालिकाको लक्ष्य छ ।

गोलबजार- ८ का बासिन्दा एवं पूर्वप्रशासक ललितबहादुर थापाले दिएको एक बिघा जग्गामा अस्पताल र आइसोलेसन सेन्टरको शिलान्यास गरिएको हो । करिब १० वर्षअघि अस्पताल निर्माणका लागि थापाले जग्गा दान गरेका थिए ।

## प्रदेश २ मा १६९ कोरोना संक्रमित थपिए, सिरहामा १० जना

प्रदेश २ मा शुक्रबार १६९ जना नयाँ कोरोनाका संक्रमित थपिएका छन् । सिरहा १० जना संक्रमित थपिएका छन् । योसँगै प्रदेश २ मा सक्रिय कोरोना संक्रमितको संख्या ५ हजार ५ सय ४१ पुगेको छ ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुर नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज, गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल राजविराज र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौँमा गरिएको परीक्षणबाट शुक्रबार ३७ महिला र १३२ जना पुरूष गरी १६९ जनामा कोरोना भाइरसको संक्रमण भएको समाजिक विकास मन्त्रालयले जनाएको छ । योसँगै प्रदेश २ मा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या १० हजार ९७७ पुगेको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार धनुषामा ३४, महोत्तरीमा ४३, सिरहामा १०, बारामा १९, पर्सामा २६, सप्तरीमा ३५, सलार्हीमा र रौतहटमा १/१ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयअन्तर्गत प्रदेश २ का वरिष्ठ चिकित्सक डा. कमलेश कुमार यादवका अनुसार भारतको आन्ध्र प्रदेश राज्यको विशाखापटनम घर भई धनुषाको रमदैयामा बस्दै आएका एक ६२ वर्षीय पुरूष र सप्तरीको राजविराज नगरपालिका-७ का एक ४८ वर्षीय अर्का पुरूष गरी दुइ जनाको मृत्यु भएको छ ।

योसँगै प्रदेश २ मा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या ९८ पुगेको छ । त्यसैगरि १६ महिला र ६८ जना पुरूष गरी ८४ जना संक्रमणमुक्त भएर घर फर्किसकेको उनले जानकारी दिए । योसँगै प्रदेश २ मा कोरोनालाइ जितेर फर्किनेको संख्या पाँच हजार ३३८ पुगेको वरिष्ठ चिकित्सक डा. यादवले बताए ।

शुक्रबारसम्ममा प्रदेश २ मा एक लाख तीन हजार २५३ जनाको स्वाब संकलन गरि जाँचको लागि पठाइएकोमा पाँच हजार ३३८ जनाको नतिजा आउन बाँकी रहेको र शुक्रबार मात्रै एक हजार ४३१ जनाको स्वाब संकलन गरिएको दिए ।

## बलात्कार आरोपमा २ पक्राउ

**लहान ।** बलात्कार आरोपमा सिरहा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गोलबजार नगरपालिका-१० का २१ वर्षीय दिपेन्द्र मुखियाँ छन् भने पक्राउ परेका एक जनाको नाम प्रहरीले खुलाएको छैन ।

भदौ १३ गते २१ बर्षीया महिलालाई मुखियालगायत ५ जनाले सामुहिक बलात्कार गरेको प्रहरीमा उजुरी परेपछि घटनामा संलग्न दुई जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । अन्य तीन जना फरार छन् ।

ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले दुबैजनालाई पक्राउ गरी अनुसन्धान तथा कारबाही अगाडी बढाएको र फरार भएका तीन जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## दुर्घटनामा २ को मृत्यु

**लहान ।** रोकिराखेको ट्रयाक्टरमा मोटरसाइकल ठोक्किदा सिरहामा शुक्रबार राति दुई जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा-चोहर्वा सडक खण्ड अन्तर्गत नरहा गाउँपालिका-५ स्थित बिग्रिएर रोकि राखेको ज १ त ४३२९ नम्बरको ट्रयाक्टरमा अनटेस्ट लेखिएको मोटरसाइकल ठोक्किदा दुई जनाको मृत्यु भएको हो । मृतकको नाम थर नखुलेको प्रहरीले जनाएको छ । घाइते एक जनाको उपचार भइरहेको प्रहरीले जनाएको छ ।


**भित्री पृष्ठमा**

आधुनिक नेपालीय मैथिली साहित्यक काल-विभाजन आ अवधारणा

पेज २ मा

**स्थानीय तहमा भ्रष्टाचारको जालो**

स्तम्भ : पालिका बहस

पेज ४ मा






फ्रेन्डस मोडल हसिपटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## चौबटिया

# संघीयता र मातृभाषा



अर्जुन प्रसाद गुप्ता 'दर्दिला'
*कवि तथा गितकार*

२०६२/०६३ को जनआन्दोलन पश्चात गठित अन्तरिम सरकारद्वारा जारी अन्तरिम संविधानले दिएको २०६३/०६४ को मधेस आन्दोलन, आन्दोलन नभएर एउट मधेस विद्रोह थियो । यो विद्रोह कुनैपनि राजनैतिक दलको थिएन, सिधै समस्त मधेसका मधेसी जनताद्वारा गरिएको विद्रोह थियो । त्यस विद्रोहमा कुनैपनि दलको झण्डा स्विकारीएन । तत्कालीन मधेसी जनअधिकार फोरम, नेपाल समस्त मधेसी जनताको साझा मञ्चको नेतृत्वमा भएको त्यो विद्रोहमा मूलत : एकअर्काको पूरक तीन मुद्दा थिए । १) मुक्ति, २) पहिचान र ३) पहिचान सहितको संघीयता ।

अरुको भेषभुषा अरुकैं भाषाले दास बनाएको कारण दासत्वको अनुभव दिइरहेकोले त्यस भेषभुषा र भाषाबाट उन्मुक्ति पाई आफ्नै भेषभुषा र आफ्नै भाषाको विकास हेतु स्वशासनको लागि पहिचान सहितको संघीयताको मुद्दा उठाइएको हो । बहुपहिचान सहितको संघीयताको अर्थ हुन्छ पहिचान विनाको संघियता । जसमा चतुर शासक वर्गले शासित वर्गमाथि आफ्नो क्रुर शासनको निरन्तरता पाउने जो दोस्रो सविधान सभाको चुनावले प्रमाणित गर्‍यो । यसले आफ्नो पहिचान प्रतिको जागरुकताको अवस्था के कस्तो छ ? अवगत गरायो । वास्तवमा यहाँ कसैले कसैको पहिचानलाई थिचोमिचो गर्नुभन्दा पनि आफ्नै पहिचानलाई बुझ्न नसकेको अवस्थाको महसुस हो । यसमा नेतृत्व पंक्ति पनि दोषी देखिएको कारण हुनसक्छ तर पहिचानको कुरो आइसके पश्चात रीसको झोंकमा आफ्नै घरमा आगो लगाई छिमेकी जो आफ्नै वैरी हुन् उनकै घरमा शरण लिई रमाउन लागे । जसलाई अर्को शब्दमा भन्नुपर्दा 'आफ्नै घरमा आफै शरणार्थी' भए ।

मधेस विद्रोहले प्रथम विजय प्राप्त गर्नै लागेको बेला नेतृत्वहरूमा बेइमानी चरित्रमा रंगिन लागे । मधेसका मुद्दालाई थाँती राखी आ-आफ्नो नेतृत्वको होड्बाजीमा लाग्न थाले जस्तो लाग्न थाल्यो 'जानुपर्ने काठमाडौं गए विराटनगर ।' बाटो बिराए । अध्यक्ष बन्ने होड्बाजीमा मधेसी जनतालाई अंशवण्डा गर्नमा व्यस्त भए, जसको कारण मधेसले हारे र मधेसलाई पुन:शोषण रुपी जजिरमा जक्राए । अन्तत : मधेसलाई टुक्रा गरिए । यसमा सबैको आ-आफ्नै दाउ होलान् । २२ जिल्लामा फैलिएको मधेस आठ जिल्लामा संकेतको रुपमा स्वीकारिए जसलाई आज हामीले प्रदेश नम्बर २ भनेर चिन्ने गरिरहेका छौं । यतिको प्राप्तिलाई सफल भनिरहेका छौं । सफल वा विफल त्यो पछिको विषय हो ।

संघीयता संघको विस्तृत रुप हो । संघको बारेमा केही लेख्नुपर्दा यसको छाटो परिचय नै उल्लेख गर्दा उपयुक्त होला । संघ भनेको कुनै खास पहिचानलाई एक सूत्रमा बाँधी त्यो पहिचानको हक हित र सुख सुविधालाई नजर राखी पूरै समूहलाई समानरुपले अगाडि बढाई शक्तिशाली रुपमा संगठित राख्ने विधिवत रुप हो जसलाई सम्बन्धित पहिचानले आफ्नो शक्ति मान्दछ र यसै शब्दबाट बनेको संघीयता संघको विस्तृत रुप हो । संघ संगठनको रुप हो भने संघीयता शासन गर्ने सरकारको रुप हो, मेरो सानो बुझाइमा । यसअनुसार संघीयता सम्बन्धित क्षेत्रको पहिचानका हकहित विकास समृद्धि अनुकुल संघीय शासन हुनुपर्ने हो । सम्बन्धित क्षेत्रको पहिचानको विकासलाई मूल नीति बनाई गरिने शासनलाई संघीय शासन प्रणाली भनेर हामीले चिन्नुपर्ने हो तर त्यसको महशुस गर्न सकिरहेका छैनौं ।

नेपालमा जुन किसिमको संघीय क्षेत्रको विभाजन भएका छन्, त्यसमा पहिचान हराएको छ । यसमा कतै न कतै बेइमानी भएको भान भइरहेको पाइन्छ । हुनुपर्ने त्यो क्षेत्रको पहिचान झल्कने संघीय क्षेत्र हो । पहिचानमा त्यस क्षेत्रमा झल्किने कला, संस्कृति, संस्कार र भेषभुषा साथै त्यहाँका बाहुल्य रहेका मातृभाषा आउँछन् ।

आजको दिनमा अनेक बहानामा मातृभाषाहरू लोप हुँदै गइरहेको अवस्थालाई महसुस गर्न सकिन्छ । कहिं राष्ट्रिय भाषाको बहाना, कहिं राष्ट्रिय शिक्षाको बहाना, सम्पर्कीय भाषाको बहाना त विदेशिनु पर्ने अवस्थाको बहाना । किनकी मातृभाषा कामकाजी भाषा नभएकैं कारण मातृभाषाको महत्व हराउँदै गइरहेको छ । यसैकारण पनि मातृप्रेममा ह्रास आएको होला शायद ।

सबै क्षेत्रीय पहिचानको विकास हेतु क्षेत्रीय पहिचान झल्किने संघीय नामाकरण हुनपर्छ र त्यो राज्यमा त्यहाँका वाहुल्यमा रहेको मातृभाषा कार्यालयको कामकाजको भाषालाई बनाइनुपर्छ । तर कहिं कुनै खास क्षेत्रमा बसोबास नभएका, छरिएर रहेका पहिचानहरूको हातबाट राजनीति निस्किने डरले ती शासक वर्गमा पर्ने पहिचानहरू आफ्नो हकमा 'वहुपहिचान सहितको संघीयता' को नारा लगाई सबैको पहिचानमाथि शासन गर्ने जाल बुनिसकेका छन् । तसर्थ मातृभाषाको विकास हेतु 'पहिचान सहितको संघीयता' को आवश्यकता छ ।

# आधुनिक नेपालीय मैथिली साहित्यक काल-विभाजन आ अवधारणा

अतुलेश्वर झा

**विषय प्रवेश :**

साहित्यक काल-विभाजनक सैद्धान्तिक विषयमे कहलगेल अछि जे साहित्य मूलत: भाषाक अध्ययनद्वारा जीवनक अभिव्यक्ति थिक । कानो साहित्यक मध्य ओहि स्थल विशेषकसँग जन-समाजक चित्त-वृत्ति प्रतिविम्बित होइत अछि । परिवर्तनशील एहि विश्वमे हमरालोकनिक समाज सेहो सर्वथा परिवर्तनशील अछि । अत: समाजसँ सम्बन्धित रहबाक कारणैं साहित्यकैं सेहो ओकरा उत्पन्न तथा प्रभावित करऽवाली परिस्थितिसँ सम्बद्ध कइए कऽ देखऽ पडैत अछि । ओ परिस्थिति सामाजक हो, राजनैतिक हो वा सांस्कृतिक, संसारक राजनैतिक, आर्थिक, सामाजिक जीवन प्रतिक्षण परिवर्तित होइत रहैत अछि, आ सामूहिक चेतनाक एहि परिवर्तनक सँग-सँग साहित्यकारक दृष्टिकोणमे सेहो परिवर्तन आवश्यक भऽ जाइछ । इएह कारण थिक जे कोनो समान विषयसापेक्ष साहित्य विभिन्न कालमध्य विभिन्न रूप ग्रहण करैत सर्वसमक्ष होइत रहल अछि । प्रत्यक कालक अपन भिन्न भावना एवं भिन्न अभिव्यञ्जना शैली होइछ । साहित्यिक धारमे काल एवं परिस्थिति प्रभावसँ अनेक मोड अबैतरहल अछि । भावना एवं शैली दुनू दृष्टिएँ कोनो साहित्यिक इतिहासक प्रत्येक परिवर्तन क्रियाक विवरण थिक । कोनो साहित्यक इतिहास तथ्यत: अपन व्यापक रूपमे एहि परिवर्तनशील क्रियाक विवरण थिक । अत: कोनो साहित्यक सम्यक अध्ययनहेतु ओकर इतिहासक काल-विभाजन प्रयोजनीय भऽ जाइछ ।

काल-विभाजन प्रसङ्ग किछु आधारभूत सिद्धान्त सामान्यत: कार्य करैछ -

(१) जाहिकालमे जाहि विशेष ढङ्गक रचनाक विशेषता रहैछ, प्रचुरता रहैछ, ओहिकालक नामकरण ओहि रचनाक आधारपर कएल जाइछ ।

(२) जाहिकालमे जाहि प्रवृतिक प्राबल्य रहैछ ओहि आधारपर नामकरण करबाक सेहो परिपाटी देखल जा सकैछ । (३) कोनो कालविशेषक नामकरण कोनो प्रतिभाशाली साहित्यकारक नामपर कएल जाइछ । मैथिली साहित्यमे विद्यापतिक नामपर काल विशेषक नामकरण कएल गेल अछि ।

( ४ ) कखनहुँ-कखनहुँ शासकहु क[...] नामपर कालकेर विभाजन देखबामे अबैछ । यथा-मैथिली साहित्यमे मध्यकालीन नाटकमध्य नेपालमे भेल विकासक्रमक नामकरण मल्लराजालोकनिक नामपर कएल गेल अछि ।

एहितरहैं आधुनिक नेपालीय मैथिली साहित्यक काल-विभाजन एकटा विषय बनि उपस्थित होइछ, जकरा स्पष्ट करब अत्यन्त आवश्यक अछि । एहि प्रसङ्ग विभिन्न चिन्तकलोकनि अपन-अपन मत आ दृष्टिकोण रखबाक प्रयास कएलनि अछि । जाहि दृष्टिकोणक माध्यमे काव्य-परम्पराक विकास, कथा साहित्यक विकास आ आधुनिक लेपालक मैथिली स्वरूपक दशा-दिशा आदि विन्दूसबपर विचार करब हमर कर्तव्य अछि । अतएब एहि उद्धृत प्रसङ्गकैं सोझाँ राखि आ तार्किक विवेचन कएलाउपरान्त एकटा विन्दूपर पहुँचल जा सकैत अछि ।

**अवधारण आ दृष्टिकोण:**

नेपालीय मैथिली साहित्यक इतिहासकार प्रो. प्रफुल्लकुमार सिंह 'मौन' अपन पोथी - 'आधुनिक नेपालक मैथिली साहित्य' मे लिखने छथि-हमरा दृष्टिएँ नेपालक आधुनिक मैथिली साहित्यक आरम्भ नवजागरणसँ मानल जएबाक चाही, जकरा मूलमे प्रो. नबोनाथ झा केन्द्रि छथि । निष्कर्षत: नेपालक मैथिलीमे आधुनिकताक आरम्भ बीसवीं सदीक छठम दशम ( १९५१-६० ई.) भेल, जकर एकटा कोनपर पं. जीवनाथ झा (१९५५ ई.), दोसर कोनपर प्रो. नवोनाथ झा (१९५७ ई.) आर तेसर कोनपर प्रो. धीरेन्द्र(१९६० ई.) ठाढ छथि ।'

प्राज्ञ आ साहित्यकार रामभरोस कापडि 'भ्रमर' नेपालक मैथिली साहित्यक आधुनिक काल १९६० ई. क बाद प्रारम्भ भेल मानैत छथि । ई तथ्य आब सम्पूर्ण मैथिली क्षेत्र स्वीकार कऽ चुकल अछि । ओ एकरा बीसम शताब्दीक पूर्वाद्ध मानलनि जे भ्रमपूर्ण अछि । ई ठीक जे १९५० ई. सँ पं. जीवनाथ झाजी सेहो जनकपुरक परिसरमे साहित्य लेखनदिसि लोकक ध्यानाकृष्ट करबऽ लागल छलखिन, तएँ ओ एतऽ 'साहित्य गुरूजी'क नामसँ विख्यात छलाह । मुदा ससामपयक भाषासबहक समकक्ष आधुनिक मैथिली साहित्यक रचना डा. धीरेन्द्रक प्रवेशसँ प्रारम्भ भेल । प्राज्ञ आ रङ्कर्मी रमेश रंजन अपन आलेख'नेपालीय मैथिली दशा-दिशा तथा दुर्दशा' मध्य लिखने छथि जे २००८ सालमे धनुष जिलाक देवडिहा गामक निवासी पं. बासुदेव ठाकुरक किछु नाटक आ कथा उपलब्ध होइत छैक । तकरबाद पं. जीवनाथ झाक जनकपुर आगमन ओहि परिसरमे साहित्य लेखनक एक प्रकारक वातावरण निर्माण करैत अछि । मुदा सुसङ्गठितरूपैं मैथिलीक सृजन डा. धीरेन्द्रक जनकपुर आगमनक बादे आरम्भ होइत अछि ।

पं. चन्द्रनाथ मिश्र 'अमर' अपन 'मैथिली पत्रकारिताक इतिहास' मध्य लिखने छथि-जखन मिथिलामे मैथिलीक हेतु पुनर्जागरणक समय अपन उत्कर्षपर पहुँचल तँ एकर प्रभाव नेपालपर सेहो पडल । ओ आगाँ कहैत छथि जे 'ई बात निर्विवाद मानल जा सकैछ जे नेपाल क्षेत्रमे जे पुनर्जागरण भेल अछि तकर मुख्य केन्द्र बनएबाक श्रेय स्व. जीवनाथ झाकैं अछि । इएह महानुभाव जखन जनकपुरमे रहऽ लगलाह तँ ओहिठामक मैथिलीभाषीकैं अग्रसर होएबाक हेतु उत्प्रेरित कएलनि । अत: जनकपुर जँ आधुनिक उत्थानक मुख्य केन्द्र तँ जीवनाथ बाबू प्रेरणक मुख्य स्रोत रहलाह । एकरहि पछाति प्रो.धीरेन्द्र जखन जनकपुर पहुँचलान तँ नवयुवक मण्डलीकैं प्रेरित कएलनि ।' आधुनिक नेपालक मैथिली साहित्यक स्रष्टा ओ द्रष्ट डाँ. धीरेन्द्र अपन नेपाली भाषमे लिखीत आलेख समकालीन नेपालीय मैथिली साहित्यमध्य लिखने छथि-'जुन चेष्टा स्व. जीवनाथ झाको नेतृत्वमा सुरू भएको थियो मेरो संकेत त्यसतर्फ छ । पं. जीवनाथ झाको आयासले गर्दा साहित्यिकहरूको एउटा समिति गठन भएको थियो र कविहरु कविता कोर्ने गर्दथे । यी कविहरूमा पं. सुन्दर झा 'शास्त्री', पं. श्रीकृष्ण मिश्र र पं. जीवननाथ झा प्रमुख थिए । पं. जीवनाथ झाको एउटा 'कल्पना' नामको कविता संग्रह पनि प्रकाशित भएको थियो । यी कविहरु बाहेक पं. मथुरानन्द चौधरी 'माथुर' र पं. सुरेश झा पनि निकै कविता कोर्दथे । यी कविहरूका रचनाहरु हुने गर्दथियो । जनकपुरबाट 'नवजागरण' पत्रिकाको प्रकाशन पनि भयो, तर यो चलेन । उपर्युक्त कविहरु बाहेक पं. रमाकान्त झा पनि कहिलेकाहिँ कविता कोर्दथे । समालोचकहरूले यस समूहलाई 'जीवनाथ स्कूल' नाम दिएका छन् । तर १९६१ ई. देखि नेपालीय मैथिलीमा एउटा पुर्नजागरणको युग सुरू भयो । यस पंक्तिका लेखकको नेतृत्वमा नवीन शिल्प-विधानका रचनाहरु सुरू भयो ।'

मैथिली साहित्यक आलोचक डाँ. रमानन्द झा 'रमण' अपन आलेख 'नेपालमे मैथिली साहित्यक दशा आ दिशा' मध्य लिखने छथि-'जेना प्रत्येक टाल चिनगीक स्पर्श मात्रहिसँ लहकि उठैछ, ओहिना साहित्यक गुरूजीक नामे ख्यात पं. जीवनाथ झा तथा युग चेतनासँ अभिभूत प्रेरणास्पद रचनाकार ओ मैथिलीक प्रध्यापक डा. धीरेन्द्रक सम्पर्क आ सान्निध्यसँ राजनीतिक जागरण, शान्ति आ सुरक्षा पाबि मातृभाषानुरागी मैथिलीक अन्तरगतमे क्रमश : घनिभूत होइत सिर्जनात्मक चेतनाक स्फूरणक गति तीव्र भऽ गेल । जनकपुरधाम परिसरमे सुकवि मथुरानन्द चौधरी 'माथुरक' प्रवेश तथा धूमकेतुक आगमनसँ साहित्यिक नवगछूली महमहा उठल । ओम्हर मोरंग अंचेलमे प्रो. प्रफुल्लककुमार सिंह 'मौन' लुप्त होइत मैथिलीक अमूल्य निधिकैं ताकि बटोरि प्रेरणाक अजस्त्र स्रोत प्रवाहित कएल । सुप्त कली प्रस्फुटित भऽ महमहा उठल ।" प्रध्यापक परमेश्वर कापडि अपन कार्यपत्र 'नेपालीय मैथिली पद्य साहित्य उपलब्धि एवं सम्भावना' मध्य लिखने छथि-१९६० ई.सँ पूर्वक आधुनिक नेपालीय मैथिली साहित्यक इतिहास जकरा पं.

बाँकी ३ पेजमा


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# परीक्षा

## परीक्षा
### अम्बराज मिश्र



परीक्षा कसको लागि ? यतीखेर सम्पुर्ण मानवले कति बुझे ? भन्ने बिषयमा नै सर्बत्र प्रश्न थपीएको छ । प्रश्न कुनै गोप्य छैन । हो मानवले जन्मेदेखि नै संस्कार, संस्कृति, परम्परा, धर्म, विधि, पद्दती सम्बन्धि शिक्षा बालकदेखि नै स्कुल, क्याम्पस, तालीम, सेमिनार, गोष्ठी, गुठी, मस्जिद, मदर्शा तथा मन्दिर, गुम्बा, स्तुपा, चर्च जस्ताहरूमा पढ्दै आउनुपर्‍यो ।

सबैको सिक्ने, पढ्ने बिषय फरक फरक भए पनि चुरो कुरो भनेको नै मानव हितकै विषय प्रष्ट देखिन्छ । जियोलोजी, बायोलोजी, सोसोलोजी, एग्रोलोजी, एनिमललोजी, बोट्नोलोजी, पोल्टीकललोजी आदी आदी लोजी र अन्त्यमा थुथुरलोजी सम्ममा अध्ययन गर्नमै ब्यस्त देखिए मानव ।

बालक देखि वृद्धसम्म पढ्दै सिक्दैछन आजसम्म । कोही साक्षर भए, कोही मध्यमादेखि डिग्री, विधावारिधिसम्म हासिल गरिसकेका छन । पढाईको मापन भनेको नै विषयगत डाक्टर, ईन्जिनियर, शिक्षक, लेक्चरर, फिलोसोफर, बैज्ञानीक, अनुसन्धानकर्ता र राजनीतिशास्त्र अन्तर्गत देशको बागडोर सम्हाल्नेहरू नेता भएका छन । यो सबै मापन हो हाम्रो ।

हो सबै प्रथम नै त नभनुम द्वित्तिय, तृतिय, सान्तवना त पक्कै नै छौ । समय परिस्थितिले गन्तव्यमा नपुगे पनि पुग्नेहरूको मापन के त ? भन्ने प्रश्न तेर्स्याउनु नै पर्ने हुन्छ । शिक्षाको मापन कसको कति त ?

मानवको मानवता भनेको मानवलाई जब-जब अप्ठ्यारो आईपर्छ वा आईलाग्छ जस्तै : भूकम्प, आगलागी, बाढीपैरो, रोगव्याधीको महामारी लगायत अपाङ्गता, गरिबीको बेलामा एक आपसमा सहयोगी भावना हुनु नै शिक्षाको अर्थ झल्किन्छ र त्यो मानवता पनि हो । जसले मानवताको व्यवहार गर्छ उ शिक्षित, जसले गर्दैन उसलाई दानव देखी अधर्मि, पापी, कुसंस्कारीकसम्मको उपाधि दिईने चलन छ । जुनसुकै धर्मले पनि हिजोआज आफ्नो जात, धर्म, सम्पदायलाई प्राथमिकतामा राखेर शिक्षा दिने चलनले जरो गाडेको देखिन्छ । तर शिक्षा भनेको सम्पूर्ण मानव जगतकै कल्याण हुनुपर्छ भन्ने मान्यतामा रहनु नै सहि शिक्षा हो जस्तो लाग्छ । तर हिजोआज त्यसो नभएर जातिय भड्काउ, राजनीतिको नाममा राज्यको भौतिक सँरचना ध्वस्त पार्ने विध्वंसकारी क्रान्ती, राज्यसत्ता हत्याउने दुश्चक्र, मानव मानव बीच हत्या हिंसा, कलह जस्ता कार्यहरू नै प्राथमिकतामा देखिन्छ ।

जसले गर्दा देशहरू दिनानुदिन प्रगती पथमा नभई दुर्गती तर्फ उन्मुख देखिन्छन । यस्ता कार्यहरू नै शिक्षाको उल्टो अर्थ भनौं वा दुरूपयोग हो । हरेक शिक्षाले प्रगति नै हुनुपर्छ भन्ने मान्यता राख्दछ । मानौं शिक्षाको सहि सदुपयोग भनेको नै सत्ययुगमा बनेका पुष्पयानको साटोमा मानवलाई बोकेर हिड्ने हवाईजहाजदेखि स्थलमार्गी रेल, बस, केवलकार लगायत त्यस्तै खाधान्नहरूको परिकारहरू, बाँसस्थानको लागि भवन निर्माण र त्यसका उपकरणहरू, कृषि उत्पादनको लागि रसायनिक मल, कृषि यान्त्रीकरण र मानव स्वास्थ्यका लागि औषधिमुलोदेखि शल्यक्रिया, भेण्टिलेटर जस्ता कार्यहरू नै शिक्षाको अपूर्व सदुपयोग देखिन्छ । ती उत्पादन गर्ने महामहिमहरू नै हाम्रा भगवान हुन ।

रह्यो शिक्षाको दुरूपयोग । आ-आफ्ना तप्काबाट जे जति शिक्षा पायौ, त्यसको गलत अर्थ लाग्ने गरि शिक्षाको प्रयोग हुन थाल्नुले मानव जगत नै हिजोआज अस्तव्यस्त भएको छ । बाँच्नको लागि औषधि बन्यो भने मृत्युको लागि बीष ! सुरक्षाको लागी बन्दुक बनाईएको थियो, मृत्युको लागि प्रयोग भयो । मानव हितको लागि क्षेप्यास्त्र तयार पारियो तर मानवलाई नै ध्वस्त पारिदैछ । मानव मानव बीचको द्वन्द्व साम्य पार्न र सुरक्षा दिन प्रहरीको ब्यवस्था मिलाईयो तर प्रहरी रक्षक नभई भक्षक हुन थाले । सिंगो राष्ट्रलाई चिरा चिरा पार्न आन्दोलन मच्याइए, आन्दोलनको नाममा मानव नै हतियार बनाइए । कुर्सी प्राप्तीका लागि आफ्नैलाई सहादत गराइए, जात वर्गहरूमा कलह निम्त्याइयो । सबै मानव एकै हुनु पर्नेमा हरेक दलमा विभक्त भए, आपसमा द्वन्द गरे, सत्ता कब्जा गर्न साँचो झुठो सबै बोल्न भ्याए ।

तर मानव विपदको बेला भावनात्मक सहयोग रहनु पर्नेमा उल्टै काखी मच्याउन ठिक्क देखिन्छन, उधो बगाएर उभो खोज्न जान्छन, राहतमा आएको कुरा दुरूपयोगको लागि मिलेमतो गर्छन, पदमा भएकै बेलामा कमाउन भ्रष्टाचारमा लिप्त देखिन्छन अनि बिभेदकारी तानाबुना बुन्छन । यस्तै प्रकारले शिक्षाको दुरूपयोग गर्छन । नियमितता गर्ने बेलामा वा आँक्ने बेला तिनले जन्म दिने मातापिताका कुशल वाणी सम्झदैनन्, गुरूकुल बिर्सिन्छन । महान नेताहरूको दिव्यवाणीहरू बिर्सिन्छन, पदमा आउने बेलामा खाएका कसम र सपथहरू बिर्सिन्छन । अनि सँधै सधै जनताहरू पिडितै पिडित देखिन्छन । आज तिनै शिक्षाको दुरूपयोग गर्नेहरूको उत्पादनले कहिले प्लेग, फ्लु, ईबोला, अनि कोरोना नामका भाइरस उत्पादनले मानव त्राहिमाममा परेका छन् । यसको रोकथाम र नियन्त्रणको लागि शक्ति राष्ट्रहरूले समेत औषधि बनाउन सकिरहेको छैनन । यसको अचुक औषधि भनेकै मानव-मानव बीच छुवाछुत र भेदभाव नगर्नु हो । परम्परा धान्दै आएको मित्रभावमा रहेको हात मिलाउन बन्द गर्नु हो र परैबाट नमस्कार वा तारेमाम गर्नु हो । कसैको घर आँगन नछिर्नु हो, कसैको बिहे बटुल, उत्सवमा सहभागी नहुनु हो । बिहेवारी पनि अब शंकास्पद नहुन ब्लड टेष्ट गराएर मात्र गराउनु हो ।

सबै कुरो अनलाईनबाटै उपलब्ध गराउन उत्पादनहरू कसरी गर्ने, कहाँ गर्ने, कसले गर्ने, किन गर्ने, के का लागि गर्ने ? भन्ने दिनहरू आईरहेको छ । सबै मानवलाई आ-आफ्नो घरमा कति दिन बन्धक बनाएर राख्ने हो ? यो अहिले जनजनको प्रश्न बनेको छ । बन्धक मानवलाई कसले, कति दिन, खान लाउन दिने हो ? हो यो सबै शिक्षित मानवलाई आज प्रश्न गर्नु परेको छ । ती शिक्षित मानवहरूको परीक्षा लिने बेला आएको छ । धन्यवाद

## आधुनिक ...

जीवननाथ झा काल कहल जा सकैछ -मूलरूपसँ काव्य रचनाधरि सीमित रहल । एकरपश्चातक कालखण्डकँ डा. धीरेन्द्र काल कहल जा सकैछ । कारण एहिकालमे विविध विधागत ओ सुनियोजित विकास होइछ ।

**उपसंहार:**

उपर्युक्त प्रत्येक मत-मतान्तरमे आंशिक सत्य विद्यमान अछि । सब चिन्तकलोकनि अपन-अपन स्वरूप आ दृष्टिसँ कालक वर्गीकरण कएलनि अछि । मुदा वैज्ञानिकस्वरूपकँ ध्यानमे नहि राखि सकबाक कारण स्पष्ट नहि अछि । ओ मात्र एकटा रास्ता देखबैत छैक । वस्तुत : ऐतिहासिक काल-विभाजनक लेल वैज्ञानिक ढङ्गक अध्ययन आ वर्गीकरण आवश्यक अछि । तदुपरान्त समयशेष अनुसन्धान होएत वा भऽ रहल अछि । भऽ सकैछ भविष्यमे पूर्ण वैज्ञानिक धारणासँ प्रबल मत प्रगट हुअए । ओना 'मुण्डे-मुण्डे मति भिन्ना ।' उपरोक्त जतेक मत अछि ओहिमे आंशिक एकरूपता अछि । एहितरहेँ नेपालक आधुनिक मैथिली साहित्यक प्रारम्भिक काल १९५० ई.सँ १९६० ई. धरिकेँ भूमिका काल? (आद्य काल) हम मानल अछि । एहि कालक प्रभाव २००७ सालक आन्दोलन, पं. जीवनाथ झाक साहित्यिक प्रभाव आ भारतीय स्वतन्त्रता आन्दोलनक प्रभावधरि समाविष्ट कएल जा सकैछ । ओहितरहेँ १९६० ई. सँ १९९० ई. धरिक कालकेँ दू भागमे बाँटि हम एकर निर्धारण करब । पहिल १९६१ ई. मे जनकपुर मे डाँ. धीरेन्द्रक प्रवेश, हुनक साहित्यक प्रभाव, एहि प्रभावस्वरूप एक नवीन युवावर्गक साहित्यमध्य प्रवेश होइत अछि । एहि समयमे विराटनगरमे डाँ. प्रफुल्लकुमार सिंह 'मौन' क साहित्यिक कार्यक सँगहि नेपालमे साहित्यक उल्लेखनीय कार्य प्रारम्भ होइत अछि । तएँ विभिन्न साहित्यक प्रभाव ओ रचनाधर्मिताक सृजनात्मक दृष्टिसँ पुर्नजागरण कालकेर पहिल भागकेँ कहि सकैत छी तँ दोसर भागकेँ डा. धीरेन्द्र युग कहब अत्युक्ति नहि, कारण जाहि विशेष साहित्यिक कालमे जाहि विशेष रचनाकारक रचनाक विशेष प्रभाव पडैत अछि, ओहि रचनाकारक नामपर कालक नामकरण करबाक परिपाटी सेहो दृष्टिगोचर होइछ । हमरा दृष्टिएँ १९६१ ई. क पश्चात नेपालक साहित्यकारलोकनि (मूलतः जनकपुरमे) पर परोक्ष आ प्रत्यक्ष रूपमे डा. धीरेन्द्रक रचनाक प्रभाव पडल अछि । एहिकारणेँ १९६० ई.सँ लऽ कऽ १९९० ई.धरिक पुर्नजागरण काल धीरेन्द्र युगमे समाविष्ट भऽ जाइछ । २०४६ सालक ( १९९० ई.) जनआन्दोलनक पश्चात नेपालमे प्रजातन्त्रीय व्यवस्थाक स्थापना भेल । जनमानसमे सहजेँ अपन अधिकार आ कर्तव्यक प्रति जागरूकता आ जनचेतना जगौलक, आ तकर प्रभाव नेपालीय साहित्यकारमध्य सेहो निश्चितरूपेँ पडल । एहिक्रममे युवा पीढी अपन नवीन अवधारणकसँग प्रविष्ट होइत रहलाह, आ अपन पूर्वपीढीक क्षमता आ सिर्जनाकेँ आदर करैत, हुनक रचनाक मूल्यांकन करैत, वैश्विक रचना संसारक स्वरूपक सँग-सँग नव मूल्यक शिल्प आ विधाकेँ स्थापित करबामे पूर्णतः सफल भेलाह । कहल तँ जा सकैछ जे ई युवा पीढी, जिनकर काल अवधि १९९० ई सँ अद्यपर्यन्त मानल जएबाक चाही । 'नवयुग,' केर प्रणेताक रूपमे समाजमध्य प्रतिष्ठात भेलाह । आधुनिक नेपालक मैथिली साहित्यक काल-विभाजन पूर्व-मतकेँ देखैत अधुनातन परिप्रेक्ष्यकेँ विचारैत निम्नतरहेँ वर्गीकरण कएल जा सकैछ, जे हमरा जनैत सर्वथा उचित ओ तर्कसङ्गत बुझना जाइछ ।

१. भूमिका काल (आद्य काल) ( १९५० ई.सँ १९६० ई.धरि)
२. पुर्नजागरण काल वा धीरेन्द्र युग (१९६० ई. सँ १९९० ई. धरि) ३. नव युग ( १९९० ई. सँ अद्यपर्यन्त)

अन्ततः कहि सकैत छी जे समयबद्ध विचारणीय अन्तर अबैत रहत, मुदा ऐतिहासिक-वैज्ञानिक दृष्टिकोणसँ आधुनिक नेपालक मैथिली साहित्यक काल-विभाजनक ई मत सर्वमान्य हएत । **सहायक ग्रन्थक सूची:**

१.नेपालक आधुनिक मैथिली साहित्य, ले.मौन, प्रफुल्लकुमार सिंह, प्रकाशक, जेनरल बुक एजेन्सी, पटना, प्र.वर्ष, १९९८ ई.।
२. नेपालक मैथिली साहित्यक इतिहास, ले. भ्रमर, कापडि रामभरोस
३. विद्यापति टाइम्स, साप्तहिक, स. रंजन रमेश, प्रकाशक, रमानन्द युवा क्लब, जनकपुरधाम, नेपाल २००५ ई.। ४. मैथिली पत्रकारिताक इतिहास, ले.अमर, चन्द्रनाथ मिश्र, प्रकाशक, मैथिली अकादमी, पटना, प्रे. वर्ष, १९८४ ई. ।
५. कार्यपत्र, समकालीन नेपाली मैथिली साहित्य, ले. धीरेन्द्र, झा धीरेश्वर ।
६. नेपालक मैथिली पत्रकारिता, सं. भ्रमर, रामभरोस कापडि ,जनकपुर नेपाल, २०४४ वि.।
७. कार्यपत्र, नेपालीय मैथिली पद्य साहित्य उपलब्धि एवं सम्भावना, ले. कापडि, परमेश्वर ।

*आँगन मैथली बार्षिक पत्रिकाबाट*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्या, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछ्या, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

बिमा लेख हरायो

मिति २०७७ साउन २० गते घरबाट लहान जाने क्रममा निम्न व्यहोरा भएको **लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.** बाट जारी भएको बिमा लेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा खबर गरिदिन हुन अनुरोध छ ।

नाम :- अंकित चौधरी
ठेगाना :-मानराजा-३ सप्तरी (नेपाल)
पोलिसी नं.:-२२००२२३८७
सम्पर्क मो नं.:-९८०५९२४८७०

# स्थानीय तहमा भ्रष्टाचारको जालो

## पालिका बहस

जायश्वर जैसी



अहिले देशमा ३ प्रकारका सरकार सञ्चालित छन् । सरकार त्यस्तो संस्था हो, जसले जनताका पीर, मर्का र समस्या बुझी समाधान गर्ने र सुशासनको प्रत्याभूति गराउने कार्य गर्दछ । संघीय शासन प्रणाली स्थापित भइसकेपछि नेपाली जनताले आफ्नो परम्परागत जीवनशैली बदलिने ठूलो आशा गरेका थिए । सरकारद्वारा आफ्ना समस्याको सम्बोधनको अपेक्षा पनि गरेका थिए । सुशासनको स्थापना र भ्रष्टाचार अन्त्यको सपना देखेका थिए ।

केन्द्रीकृत राज्यले आफ्ना समस्या समाधान नगरेकोमा अब स्थानीय सरकारले गर्छ कि भन्ने ठूलो आशा आम जनताको थियो । तर स्थानीय तह सञ्चालनमा आएको पनि झण्डै तीन वर्षभन्दा बढीको यो समयावधिसम्म आइपुग्दा स्थानीय सरकारले पनि आफ्ना समस्या समाधान गर्ने कुनै संकेत र प्रभावकारी योजना नदेखाउँदा आम जनताको आशा निराशामा बदलिने संकेत देखा परिसकेको छ । जनताले स्थानीय सरकारका क्रियाकलापप्रति आफ्नो धारणा विभिन्न तरिकाले प्रकट एवं सार्वजनिक गर्न खोजी सकेका छन् ।

नेपालमा चलेका तीन प्रकारका सरकारमध्ये जनताले प्रत्यक्ष सेवा पाउने आशा गरेको र नजिकैबाट नियालिरहेको स्थानीय सरकार हो । केन्द्रीकृत राज्य व्यवस्थामा जनताको प्रत्यक्ष पहुँच रहँदैनथ्यो । केन्द्रीकृत राज्यमा बस्ने र त्यहाँ रहने सबैको सपना भनेको राज्य सम्पत्तिको चरम दोहन र दुरूपयोग गरी व्यक्तिगत सम्पत्ति र लाभ आर्जन गर्नेबाहेक जनताको र राष्ट्रको मुहार फेर्ने सपना उनीहरूले कहिले पनि देखेनन् । अर्बौं भ्रष्टाचारका कुरा सार्वजनिक भए । राज्यका उच्च तहमा जाने मान्छे जनताका सेवक बन्न सकेनन् । सधैँभरि राज्य संयन्त्रमा बसेर गलत संस्कार, संस्कृति, बेथिति र बर्बादीको शृंखला खडा गरे । आज पनि देशको हालत सुन्दा र हेर्दा त्यही प्रकारको नै छ । तर सिंहदरबारका रुपमा गाउँगाउँमा खडा भएका भनिएका स्थानीय सरकारले पनि आफ्ना स्थानीय जनतामाथि राम्रो सेवा प्रवाहभन्दा पनि मोज मस्तीको रूपमा स्थानीय सत्तालाई उपभोग गर्न थालेका छन् ।

स्थानीय सरकारमा स्थानीय जनप्रतिनिधिको उपस्थिति छ । स्थानीय प्रतिनिधिले स्थानीय जनताको सेवा प्रवाह र दायित्व निर्वाह गर्नेमाभन्दा सेवा सुविधा भोग गर्ने र ५ वर्षे कार्यकाल आरामका साथ बिताउने मनस्थितिमा लागेको प्रष्टै बुझ्न सकिन्छ । स्थानीय सरकार एवं त्यहाँ कार्यरत जनप्रतिनिधि र कर्मचारीले उही पुरानै केन्द्रीकृत शैलीको शासनलाई निरन्तरता दिन खोजेको देखिन्छ । स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधि र कार्यरत कर्मचारीहरु स्थानीय तहको दीर्घकालीन विकास र आमूल परिवर्तनभन्दा पनि अख्तियारको चरम दुरूपयोग गरी नीतिगत र संस्थागत भ्रष्टाचारमा लागेको कुरा अलिकति सचेततापूर्वक स्थानीय सरकारका गतिविधिलाई अध्ययन गरेको जोकोहीले छर्लङ्ग देख्न सक्छ । स्थानीय तहका लागि आवश्यक विभिन्न सामग्री खरिद समितिमा बस्न, त्यसभित्रका अन्य सरकारी संस्थामा दरबन्दी वा कार्य जिम्मेवारी हुँदाहुँदै पनि स्थानीय तह (गाउँ र नगर कार्यालय) नछोड्न मरिहत्ते गर्ने र स्टोरकिपर तथा खरिद कार्यको भूमिकामा बस्नका लागि हुने रूवाबासीले यो कुराको पूरा पुष्टि गर्दछ ।

स्थानीय तहमा केन्द्रबाट आएको र स्थानीय रुपमा विभिन्न तरिकाले उठाइएको बजेटलाई सही ढंगले विकास निर्माण एवं जनताको आयआर्जन तथा उत्पादनको क्षेत्रमा योजनाबद्ध खर्च नगरेको देखिन्छ । बजेटको विनियोजन गर्दा योजनाहरूको सही छनोट नगर्ने, टुक्रे योजना छनोट गर्ने र छनोट गरेका पनि उत्पादनमुखी नभएर वितरणमुखी योजनाहरु छनोट गरेको देखिन्छ । यसले जनतालाई उत्पादनमुखी नबनाएर हात थापेर खाने संस्कार सिकाएको छ । यो स्थानीय सरकारको गलत कार्य हो । योजनाको छनोट गर्दा प्रत्यक्ष रूपमा जहाँबाट कमिसन आउन सक्छ, त्यस्ता योजनाहरूलाई प्राथमिकता दिएको पनि देखिन्छ । जनतालाई झुक्याउने प्रपञ्चसहित बजेट वक्तव्यमा पहिले विभिन्न शीर्षकमा छुट्टाइएका बजेट पछि गाउँ र नगर सभाको बैठकबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित मापदण्ड विपरीत रकमान्तर गरिएको देखिन्छ ।

योजना छनोट गर्दा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल तथा परामर्श नै नगरी हचुवाको भरमा गाउँ कार्यपालिका र गाउँ सभाबाट स्वीकृत गर्ने र स्वीकृत बजेटको योजना निर्माण गर्न नसकेर उक्त बजेट फ्रिज एवं अन्यत्र अनुत्पादक क्षेत्रमा खर्च गर्ने काम भएको छ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रमा कुनै सूक्ष्म योजना बनाइएको पाइँदैन । तर योजना निर्माण गर्दा बिनाहिच्किचाहट कमसेकम पनि स्थानीय तहभित्र विकास निर्माणका विविध विषय क्षेत्रमा जानकार राख्नेहरूको बीचमा छलफल गरि प्राप्त सही निष्कर्षलाई स्थानीय सरकारले स्वीकृत प्रदान गर्न सक्छ । जनताप्रति उत्तरदायी बनेर चिन्तन मननको कुनै गुन्जयास स्थानीय सरकारका प्रतिनिधिमा देखिँदैन ।

स्थानीय सरकारभित्र रहेका केही जनप्रतिनिधि र कर्मचारीले अख्तियारको चरम दुरूपयोग गरेर नीतिगत रूपमै बजेटको हिनामिना गर्ने काम भएको छ । विकास निर्माणका कार्यभन्दा पनि जनप्रतिनिधि र कर्मचारी संलग्न हुने तालिम, गोष्ठी, अनुगमन तथा भ्रमणका कार्यक्रम बनाई नीतिगत रूपमै बजेटको दुरूपयोग गरिएको छ । उही कार्यालयभित्र कार्य जिम्मेवारीमा रहेका जनप्रतिनिधि र कर्मचारीहरूले सोही कार्यालयमा बैठक बसेको नाममा लाखौं भत्ता खर्च गरिएको छ । आफ्नो दायित्व पूरा गर्न पनि भत्ता चाहिएको छ । अहिले त झन् कोरोनाको नाममा नेपाल सरकारले तोकिदिएको थप पारिश्रमिक खाएर पनि दैनिक क्वारेन्टिन र आइसोलेसन घुमफिर गरेको बाहानामा लाखौं रूपैयाँ इवाम पारिएको छ । शक्तिको दुरूपयोग गरि ब्रह्मलुट मच्चाएका छन् ।

स्थानीय तहमा यस्ता खराबीहरु मौलाएका छन् कि लाखौं करोडौंका अनावश्यक गाडी खरिद गर्ने गरिएको छ । स्थानीय सरकारले गाडी नै किन्न पाइँदैन भन्ने होइन । तर आवश्यकताभन्दा बढी संख्या र बढी मूल्यका गाडी खरिद गर्नु आवश्यक छैन । कर्मचारी तथा जनप्रतिनिधिलाई नियमित ६/७ किलोमिटर घर आउन जानको लागि सरकारी गाडी प्रयोग गरिएको छ । अपवादबाहेक कार्यालय समयमा कार्यालय प्रयोजनका लागि मात्रै सरकारी गाडी प्रयोग गर्नुपर्छ भन्ने कुरा सायद स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले पक्कै नबुझेको होइन होला । यो सरकारी सम्पत्तिमाथिको चरम दुरूपयोग हो । अझ व्यक्तिगत भेटघाट, भोजभतेर एवं आफ्नो पार्टीका कार्यक्रममा जाँदा समेत सरकारी गाडी प्रयोग गरिएको छ ।

कतिपय स्थानीय तहले आफ्ना नजिकका असक्षम मान्छेहरूलाई कर्मचारीको रूपमा करारमा नियुक्ति गर्दा जनताले आवश्यक सेवा लिन सकेका छैनन् । स्थानीय तहमा कार्यरत केही कर्मचारी र जनप्रतिनिधिको कोठा भाडाबापत भनेर बजेट विनियोजन गरिएको छ । हजारौं खर्च गरेर व्यक्तिगत प्रयोजनका लागि उनीहरूका कोठाहरूमा नेट इन्टरनेट तथा टीभी जडान गरिएका छन् । स्थानीय तहको कार्यालयमा सरसफाइ एवं अन्य प्रयोजनका लागि नियुक्त गरिएका कार्यालय सहयोगी कर्मचारीलाई कार्यालय प्रमुखको खाना पकाउन एवं अन्य व्यक्तिगत काममा खटाइ कार्यालयबाट रकम भुक्तानी गरिएको छ । कैयौं स्थानीय तहका प्रमुखहरूले आवश्यकता नै नभएका राजनीतिक, प्रेस, कानुनी एवं अन्य सल्लाहकार नियुक्ति गरी बजेट दुरूपयोग गर्ने काम भएको छ । यस्तो कार्य जनताको पसिनामाथिको ब्रह्मलुटबाहेक अरु केही होइन । उनीहरूलाई घर खर्च पुग्दैन भने तलब बढाइदिने गर्नुपर्छ । स्थानीय सरकारले विभिन्न सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई समेत लत्ताएर खरिद गरेको देखिन्छ । सामग्री खरिदसम्बन्धी स्पष्ट र पारदर्शी नीति स्थानीय तहले बनाएको देखिँदैन । खरिद गर्नुपर्ने सामग्रीहरूलाई एकमुष्ट रूपमा टेन्डर तथा कोटेसनमार्फत् नगरी टुक्रे खरिद योजना गराई कुनै व्यक्ति ( त्यस सम्बद्ध कर्मचारी) लाई दिइन्छ । खरिद सामग्रीमा पारदर्शिता ज्यादै कम देखिन्छ । खरिद गरिएका सामग्रीहरूमा बजार मूल्यभन्दा दोब्बर तेब्बरसम्म बढी मूल्य राखी बिल पेस गरी रकम भुक्तानी गरिएको छ । स्थानीय तहको स्थापना भएदेखि हालसम्म कैयौं स्थानीय तहले करोडौंका बेरूजु फर्स्यौट गर्न नसक्नुले पनि त्यहाँ भ्रष्टाचार र अनियमितता तीव्र गतिमा बढ्दै छ भन्ने संकेत गरेको छ ।

नियमनकारी निकायले पनि सूक्ष्म रूपमा स्थानीय तहका गतिविधिको अध्ययन गरी कानुनी दायरामा ल्याउन आवश्यक छ । सरकारी बजेट जनताको रगत र पसिनाबाट आएको हो, यो अनावश्यक फजुल खर्चका लागि आएको होइन भन्ने हेक्का राख्नुपर्छ । जनताको काममा स्थानीय सरकार सदा सर्वदा समर्पित हुनुपर्छ । संघीय संरचनाअन्तर्गत स्थापना भएको सबैभन्दा तल्लो र जनताले नजिकैबाट पहुँच, प्रभाव र विश्वास राख्न सक्ने स्थानीय तह (सरकार) हो । यसभित्र हुने हरेक खालका गतिविधि जनताले नियालेर बसेका छन् । स्थानीय सरकार स्थानीय स्तरमा जनतालाई सुशासनको प्रत्याभूति गराउने नेतृत्वदायी संस्था भएकाले यसका कामकारबाहीहरु पारदर्शी र अरूले सिको गर्न लायक हुनुपर्छ ।

*रातोपाटी अनलाईनबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)